

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १२ गते मंगलबार ❑ 28 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गणतन्त्रको विकल्प छैन: सभापति देउवा

**रासस**
चितवन, ११ मंसिर

नेपाली काङ्ग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गणतन्त्रको विकल्प नभएको बताउनुभएको छ । सोमबार भरतपुर विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै सभापति देउवाले भन्नुभयो, "गणतन्त्रको विरोध गर्नुको अर्थ छैन, बदलिने कुरा छैन ।"

उहाँले गणतन्त्रको बिरोध गर्नेहरुको अर्थ नरहेको बताउनुभयो । गणतन्त्र बिरोधी गतिविधिबाट राजनीतिक दलहरु अत्तालिएका हुन् ? यो प्रश्नमा उहाँले भन्नुभयो, "को अत्तालियो ? हामी अत्तालिएका छैनौं ।"

वर्तमान सत्तारुढ गठबन्धन दलको सत्तासाझेदारीका



विषयमा पनि सभापति देउवालाई पत्रकारहरुले प्रश्न गरेका थिए। सरकारका नेतृत्वका विषयमा भएको आलोपालोको सहमतिबारे उहाँले स्पष्ट जवाफ दिनुभएन । गठबन्धन दलको सत्ता साझेदारी कसरी हुन्छ ? यस प्रश्नमा उहाँको जवाफ थियो, "थाहा पाइहाल्नु हुन्छ नी ।" सो अवसरमा कांग्रेस नेता डा शशांक कोइरालाले राजतन्त्र फर्कने विषयमा आफूलाई विश्वास नलागेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "राजतन्त्र फर्कनेमा मलाई कमै विश्वास छ । यहाँ हरेक कुराको सम्भावना छ । संसदले चाह्यो भने जे पनि हुनसक्छ ।" सरकारका कामप्रति नागरिक पूर्णरुपमा सन्तुष्ट हुन नसक्दा व्यवस्थामाथि नै प्रश्न उठेको उहाँको भनाइ थियो । गणतन्त्र बचाउन सबै दल एक ठाउँमा उभिनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "मलाई पनि सरकारको काम त्यति सन्तोषजनक लागेको छैन ।

मुलुकको उन्नति र प्रगतितर्फ सरकारले ध्यान दिएन ।" सङ्घीयता आवश्यक भए पनि यसको वर्तमान संरचनाप्रति भने प्रश्न उठेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "जनताका मनमा आएका व्यवस्था परिवर्तनसम्बन्धी आशङ्का हटाउन सबै दल एक ठाउँमा आउनुपर्छ ।" नारायणगढ-बुटवल सडक खण्डका विषयमा आफूले निर्माण व्यवसायीलाई १२ पटकसम्म भन्दा पनि काम हुन नसकेको तथा यस विषयमा संसदमा कुरा उठाउने उहाँले बताउनुभयो ।

## आत्महत्या रोकथाममा अब्बल बन्दै कोशिश

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम सम्बन्धी सचेतना कार्यक्रम गर्दै आइरहेको कोशिश आत्महत्या रोकथाममा अब्बल बन्दै गएको छ ।

सोमबार पोखरामा आयोजित कोशिशको सामाजिक परीक्षण कार्यक्रमको तथ्याङ्ले उक्तकुरा पुष्टी गरेको हो । परियोजनाले गण्डकी प्रदेशको पोखरा महानगरपालिका र लम्जुङको सुन्दरबजार नगरपालिकामा कामगर्दै आइरहेको छ । परियोजनाको सामाजिक परिक्षण बालमुकुन्द आर्चायले गरेका हुन उनले चारओटा मुख्य बिषयबस्तुलाई आधार बनाएर परिक्षण गरेका थिए । संस्थाको लक्ष्य अनुसार उपलब्धी भएको आर्चायले खुलाए । उनले संस्थालाई केहि सुझाव समेत दिएका छन् । कार्यक्रममा पोखरा महानगर पालिकाका प्रबक्ता एबूम वडा नम्बर २५ का वडा अध्यक्ष मोतिलाल तिमिल्सीनाले कोशिशले गरेका कामको प्रशंसा गरे । महानगरपालिका कोशिश सगँ सहकार्य र सहयोग गर्न तयार रहेको बताए । मानसिक स्वास्थ्यको लागि निति तथा कार्यक्रममा समेत कार्यक्रमहरु समावेश गरिएको उनको भनाई थियो । कोशिशका कार्यकारी निर्देशक मातृका देवकोटाले आगामी ४ बर्षको लागि परियोजना थप हुन लागेको बताए। उनले आगामी कार्यक्रमहरु लाई थप परिस्कृत तवरबाट अगाडि बढाउने जनाए । परियोजना संयोजक सुदिप घिमिरेले संस्थाका उपलब्धीहरु र चुनौतिको बारेमा बताएका थिए। कार्यक्रममा कोशिशका महासचिव सिता ओझाँ,कोशिशका सिनियर कार्यक्रम म्यानेजर आभास डङगोल, वडानम्बर २२का वडाअध्यक्ष हेमलाल बराल, समाजिक बिकास मन्त्रालयका उपसचिव खिम बहादुर भुजेल, राष्ट्रिय मानव अधिकार आयोगका मोहन काफ्ले, इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेल, दलित महिला संघ फेडो कास्की संयोजक इश्वरी बि.क, हेम्जा स्वास्थ्य चौकि प्रमुख कुस्मराज सुवेदी, वडा प्रहरी कार्यलय बैदामका सई महेन्द्र पौडेल, पोखरा महानगरपालिका कार्यपालिका सदश्य हरिमाया बि.क, सुन्दर बजार नगरपालिकाका जनप्रतिनिधिहरु र कोशिशमा अबद्ध ब्यक्तिहरु लगाएतले परियोजनाले गरेका कामको बारेमा धारणा राखेका थिए । कोशिश मनोसामाजिक स्वास्थ्य समस्या र मनोसामजिक अपाङगताको अनुभव गरेका ब्यक्तिहरुद्धारा सन् २००८मा स्थापित गैह्रसरकारी सस्था हो ।

## सुकुम्बासी समस्या समाधान हुन्छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ११ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले केही दिनभित्रै सुकुम्बासी समस्या समाधान गर्नेगरी सरकारले आवश्यक तयारी गरिरहेको बताउनुभएको छ ।

स्वबासी, सुकुम्वासी तथा जग्गाविहीनलाई सहज रूपमा जग्गा उपलब्ध गराउने विषयमा आवश्यक निर्णय गरिने प्रधानमन्त्रीले बताउनुभयो ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज नेकपा (माओवादी केन्द्र) को बेवसाइट सार्वजनिक गर्दै प्रधामन्त्री दाहालले सुकुम्वासी समस्या हल हुने दाबी गर्नुभयो । उहाँले सुकुम्वासी समस्या समाधानका लागि मन्त्रिपरिषद्ले ऐन संशोधन गर्ने निर्णय गरेको जानकारी दिनुभयो । "सुकुम्वासी, अव्यवस्थित बसोबासको समस्या हल गर्न ऐन नै संशोधन गरिन्छ । वन ऐन, २०२९ ले विकास नै रोकिने अवस्था छ । मान्छे मरे पनि रुख काट्न नपाइने अवस्था छ", प्रधानमन्त्रीले भन्नुभयो । सो ऐनको संशोधनपछि विकास निर्माण र लालपूर्जा वितरण गर्ने काम अगाडि बढ्ने प्रधानमन्त्रीको भनाइ छ । सरकारका तर्फबाट देश र जनताको पक्षमा राम्रो काम गर्ने इमान्दार प्रयास भएको बताउँदै दिँदै प्रधानमन्त्रीले मिटरब्याज पीडितको समस्या समाधान गर्न प्रयास गरिएको, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति, भूमाफियालाई कारबाही, नक्कली भूटानी शरणार्थी प्रकरणमा हस्तक्षेप र तस्करी नियन्त्रणमा उल्लेखनीय सुधार भएको दाबी गर्नुभयो ।

नेपालको राष्ट्रिय पहिचानलाई सुदृढ गर्न सरकार गम्भीर रूपमा लागेको उल्लेख गर्दै प्रधानमन्त्रीले भारत, चीन, अमेरिका, इटालीलगायतको भ्रमण सहयोगी बनेको स्पष्ट पार्नुभयो । फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनका कारण नेपाल डरलाग्दो स्थितिमा पुगेकाले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराइएको र संयुक्त राष्ट्रसङ्घका महासचिवले नेपालको भ्रमण गर्नुभएको उल्लेख गर्नुभयो । विकसित राष्ट्रले नेपाललगायत देशलाई उपलब्ध गराउने भनेर यसअघि जनाएको प्रतिबद्धता व्यवहारमा कार्यान्वयन नभएकाले यस पटकको कोप-२८ मा त्यसबारेमा गम्भीर ध्यानाकर्षण गराइने प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्रीले सरकारले बुढीगण्डकी, कर्णाली चिसापानीलगायत ठूला आयोजनाको काम अगाडि बढाएको सो अवसरमा जानकारी दिनुभयो । बुढीगण्डकी आयोजनाका लागि मात्रै पूर्वाधार करमार्फत उठ्ने रकम जम्मा गर्ने व्यवस्था गरिएको प्रधानमन्त्रीको भनाइ छ । कर्णाली चिसापानी आयोजनाको अध्ययन अगाडि बढाउने निर्णय भएको उहाँले जानकारी दिनुभयो ।

तीनवटा क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाइएको प्रधानमन्त्रीको कथन छ । सरकारले जटिलताकाबीचमा पनि विकास निर्माणको कामलाई गति दिने प्रयास गरिएको उहाँले जानकारी दिनुभयो । नेपाल सम्वत्लाई राष्ट्रिय साम्वत्को मान्यता दिइएको भए पनि कार्यान्वयनमा आउन नसकेको सन्दर्भमा मन्त्रिपरिषद्बाट कार्यान्वयनमा लगिएको जानकारी दिँदै प्रधानमन्त्रीले त्यसबाट काठमाडौँ उपत्यकाका नेवार समुदायका अगुवाले सरकारलाई धन्यवाद दिएको बताउनुभयो ।

## पत्रकार त्रिभुवन पौडेल अक्षयकोषमा राईले दिए १ लाख

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

नेपाल पत्रकार महासंघ गण्डकीका पूर्व अध्यक्ष तथा तत्कालीन केन्द्रिय सदस्य स्व.त्रिभुवन पौडेलको स्मृतिमा स्थापना भएको अक्षयकोषमा उनका पूर्व सहकर्मी रामचन्द्र राईले १ लाख सहयोग गरेका छन् ।

राईले स्व.पौडेलको निधन भएको १३ दिनमै उक्त रकम सहयोग गर्ने घोषणा गरेका थिए ।

राईकी छोरी प्राप्ती राई र पत्रकार अपिल त्रिपाठीले उक्त रकमको चेक महासंघका प्रदेश महासचिव गोविन्द सुवेदीलाई हस्तान्तरण गरेका हुन् । महासंघ गण्डकीले उक्त अक्षयकोष स्थापना गरेको हो । महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले पौडेलको सक्रियता र सकारात्मकता सबै पत्रकारका लागि प्रेरणा भएको बताइन् । पौडेलको स्मृतिमा त्रिभुवन पौडेल स्मृति प्रतिष्ठान पनि गठन भएको छ । अक्षयकोषको रकम पत्रकारिताको विकासमा प्रयोग गरिने महासंघका महासचिव सुवेदीले बताए । राईले अक्षयकोषको विस्तारका लागि आफुले सुरुआत गरेको बताए । उनले जन्मदिनको अवसरमा रकम पठाएका हुन् । पौडेलको गत माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनामा निधन भएको थियो । कोषमा हालसम्म साढे ४ लाख भन्दा बढी संकलन भैसकेको छ ।

## पोखरामा पाँचौ युनिप्स खेल महोत्सवमा भलिबलका खेल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

पोखरामा पाँचौ युनिप्स खेल महोत्सव अन्तर्गत सोमबारबाट पोखरा रंगशालामा भलिबलका प्रतिस्पर्धाहरु सुरु भएका छन् ।

संस्थागत एवं निजी विद्यालयहरुको छाता संस्था (युनिप्स) नेपालको आयोजनामा सुरु भएको छात्र/छात्रा भलिबलतर्फ १६ टिमले सहभागिता जनाएका छन् । प्रतियोगिता अन्तर्गत सेमीफाइनलका समिकरण पुरा भएको युनिप्सका अध्यक्ष शान्त बहादुर गुरुङले जानकारी दिए ।


पोखरा रंगशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा सुरु भएको प्रतियोगितामा छात्र/छात्रा दुवैतर्फ कालिका इङलिश बोर्डिङ फाइनलमा प्रवेश गरेको छ । फाइनलमा उपाधिका लागि छात्रतर्फ वेलनन एकेडेमी संग छात्रातर्फ होली एन्जल स्कुल संग प्रतिस्पर्धा गर्ने खेलकुद उपसमितिका



संयोजक विनोद कुमार नेपालीले जानकारी दिए ।

यस अघि भएको सेमीफाइनलमा छात्रतर्फ कालिकाले एकता वोर्डिङलाई २५-९ र २५-१४ को सोझो सेटमा पराजित गरि फाइनलमा प्रवेश गरेको थियो भने छात्रातर्फ कालिकाले एकतालाई २५-१३ र २५-२२ ले जित्दै फाइनलको यात्रा तय गरेको थियो । छात्र/छात्रा भलिबलमा कालिका, होली एन्जल, शिलशिला, स्माइल हेभन, गेफ, पिनाकल र एकता वोर्डिङ स्कुलको सहभागिता रहेको थियो । मंसिर १६ गते सम्म हुने खेल महोत्सव अन्तर्गत छात्र/छात्रा भलिबल, छात्र फुटबल, छात्रा/छात्रा खोखो, कवड्डी र एथलेटिक्सका खेलहरु सञ्चालन हुने युनिप्सका अध्यक्ष शान्ता गुरुङले जानकारी दिएका छन् । महोत्सवको औपचारिक उद्धाटन १४ गते हुनेछ । प्रतियोगिता अन्तर्गत मावी स्तरिय (कक्षा ९-१०),छात्र फुटबल छात्र/छात्रा मावी स्तरिय भलिबल, मावी स्तरिय छात्रा खोखो, आधारभुत तह (कक्षा १-५) छात्र/छात्रा कवड्डी, एथलेटिक्स छात्र/छात्रा सबै तह अन्तर्गत हुने खेलकुद उपसमितिका संयोजक नेपालीले जनाए ।

प्रतियोगितामा युनिप्समा आवद्ध रहेका १८ विद्यालयका ४ हजार भन्दा बढि खेलाडीहरुले सहभागिता जनाउने छन् । प्रतियोगितामा विभिन्न खेलका ६ सय खेलाडीहरुलाई पुरस्कृत गरिने भएको युनिप्स सचिवालयका संयोजक सुवेदीले बताए । प्रतियोगिता सम्पन्न गर्न करिव १२ लाख खर्च हुने सुवेदीले जानकारी दिए । कोभिडका कारण विगत तिन वर्ष देखि युनिप्स खेल महोत्सव स्थगित रहेको थियो ।

# पोखरामा आइटिएफ टेनिस प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

पोखरामा अन्तर्राष्ट्रिय टेनिस महासङ्घ(आइटिएफ) जे-३० टेनिस प्रतियोगिता सुरु भएको छ। पोखरा रङ्गशालास्थित टेनिस कम्प्लेक्समा सुरु प्रतियोगिता दुई सातासम्म सञ्चालन हुनेछ।

प्रतियोगिताको गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिंखडाले उद्घाटन गर्नुभयो। टेनिस कोर्टमा शनिबार र आइतबार छनोट चरणका खेल सञ्चालनपछि आजदेखि प्रतियोगिता सुरु भएको हो । प्रतियोगितामा पुरुषतर्फ 'क्वालिफाइङ' र 'मेन ड्र' गरी विभिन्न देशका ६४ खेलाडीको सहभागिता छ।

महिलातर्फ ४७ खेलाडीको सहभागिता रहेको कास्की जिल्ला टेनिस सङ्घका अध्यक्ष लोकबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका




अनुसार प्रतियोगितामा पुरुषतर्फ नेपालसहित आठ देशका खेलाडी सहभागी छन् । नेपालबाट १०, भारतबाट ४४, जापानका चार, अमेरिकाका दुई तथा रसिया, क्यानडा, चीन र श्रीलङ्काबाट एक/एक जना जना खेलाडीले भाग लिएका छन् । यसैगरी महिलातर्फ नेपालबाट सात, भारतबाट ३०, जापान, थाइल्याण्ड, अमेरिका, नर्वे, काजकिस्तानलगायतका देशबाट खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा खेलाडीले अङ्कका लागि प्रतिस्पर्धा गर्नेछन् । खेलाडीले प्राप्त गरेको अङ्कले उनीहरुको वरियता निर्धारण गर्नेछ । विजेता खेलाडीले ३० अङ्क, उपविजेताले १८, सेमिफाइन लिस्टले नौ, क्वाटरफाइन लिस्टले पाँच र अन्तिम १६ मा पुग्नेले आइटिएफको दुई अङ्क पाउनेछन् । प्रतियोगिताको उद्घाटन समारोहमा नेपालका नं १ टेनिस खेलाडी प्रदीप खड्का र नेहाल जङ्ग थापालाई सम्मान गरिएको थियो। खड्का र थापाले हालै काठमाडौंमा सम्पन्न गणेशमानसिंह राष्ट्रिय टेनिसका डवल्सतर्फका स्वर्णपदक विजेता हुनुहुन्छ । खड्काले एकलतर्फसमेत उपाधि जित्नु भएको थियो।

कार्यक्रममा मन्त्री सिंखडाले प्रतियोगिता पोखराको खेल पर्यटन प्रवर्द्धनमा सहयोगी हुने बताउनुभयो । उहाँले टेनिस खेल विकासका लागि पूर्वाधार निर्माण र खेलाडीको सुविधाका लागि सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

मन्त्री सिंखडाले भन्नुभयो, "प्रदेश सरकार खेलकुद विकासका लागि योजनाबद्ध अघि बढेको छ। खेल क्षेत्रलाई व्यावसायिक बनाउँदै अघि बढ्नु आवश्यक छ। खेल क्षेत्रका विसङ्गति हटाउन सबैको सहयोग र साथ आवश्यक हुन्छ।"

# सवारीसाधनमा 'इम्बोस्ड नम्बर' प्लेट अनिवार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

पोखरास्थित यातायात व्यवस्था कार्यालयले आइतबारदेखि कार्यालयमा दर्ता हुने सबै प्रकारका सवारीसाधनमा अनिवार्यरूपमा 'इम्बोस्ड नम्बर प्लेट' जडान गर्नुपर्ने प्रावधान लागू गरेको छ।

'इम्बोस्ड नम्बर' प्लेट जडान गरेपछि मात्र सेवाग्राहीलाई आधिकारिक कागजात उपलब्ध गराइने कार्यालय प्रमुख डिल्ली रिजालले जानकारी दिनुभयो । उहाँले यातायात व्यवस्था विभागको परिपत्र र कार्यालयको निर्णयानुसार नयाँ दर्ता हुने सवारीसाधनमा 'इम्बोस्ड नम्बर प्लेट' जडानलाई अनिवार्य गरिएको उल्लेख गर्नुभयो। "इम्बोस्ड नम्बर प्लेट जडान त पोखरामा पहिलेदेखि नै सुरु भएको हो, तर त्यति प्रभावकारी हुनसकेको थिएन", कार्यालय प्रमुख रिजालले भन्नुभयो, "अबदेखि नयाँ सवारीसाधनमा अनिवार्य गरिएको छ, पुराना सवारीसाधनमा पनि नियमितरूपमा इम्बोस्ड नम्बर प्लेट जडान सुरु हुन्छ।"

कार्यालयले सेवाग्राही र अटो व्यवसायीमा अनिवार्यरूपमा 'इम्बोस्ड नम्बर' जडानका लागि सूचितसमेत गरेको छ । "अब उप्रान्त यस कार्यालयमा दर्ता हुने सबै प्रकारका सवारीसाधन दर्तापश्चात अनिवार्यरूपमा 'इम्बोस्ड नम्बर प्लेट' दर्ता जडान गरेपछि मात्र आधिकारिक कागजात उपलब्ध गराइनेछ", कार्यालयको सूचनामा उल्लेख छ।

प्रविधिमा आधारित 'इम्बोस्ड नम्बर प्लेट'मा सवारीसाधन तथा सवारीधनीको सम्पूर्ण विवरण उल्लेख हुने कार्यालय प्रमुख रिजालले बताउनुभयो।

# केपी ओली कप राष्ट्रिय टि-२० क्रिकेट: नेपाल आर्मी विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

पोखरामा जारी केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा विभागिय टोली नेपाल आर्मी क्लवले आफ्नो पहिलो खेलमा जित हासिल गरेको छ।

आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमी निलो विरुद्ध ११० रनको सानदार जित दर्ता गरेको हो । राष्ट्रिय टोलीका खेलाडीबाट सुसज्जित नेपाल आर्मीलाई टस जितेर व्याटिङको निम्तो दिएको निलो विरुद्ध आक्रमक प्रस्तुत भएको आर्मीले २० ओभर खेल्दै ६ विकेटको क्षतीमा १९५ रन बनाएको थियो। नेपाल आर्मीका लागि पारिको सुरुवात गरेका सन्तोष कार्कीले ३५ वलमा ७ चौका प्रहार गर्दै टिमका लागि सर्वाधिक ४१ रन बनाए। उनी धवन सहनीको बलमा आउट भए। त्यस्तै विनोद भण्डारीले २४ बलमा तिन चौका र तिन छक्काको मद्धतले ३८ रन बनाउँदै शुभम खनालको बलमा पभिलियन फर्के । आर्मीका लागि कुशल मल्लले २५ रनको योगदान दिंदा वाशिर अहमदले २३ रन र रोहित पौडेलले १२ बनाए । त्यस्तै सन्दिप रजाली र भिम सार्कीले समान ६-६ रन बनाउँदै नट आउट रहे।



आयोजक निलोका लागि मेहुल श्रेष्ठले २ विकेट लिए भने शुभम खनालले १ विकेट लिए।

१९६ रनको विशाल रन पछ्याएको आयोजक निलो १५.४ ओभरमा ८५ रनमा समेटियो । आर्मीका लागि १.४ ओभर वलिङ गरेका कुशल मल्लले २ रन दिएर तिन विकेट हात पारे । उनले आयोजक निलोका लागि १० रन बनाएका सिमोन रोय, २ रन बनाएका कुशल रुपाखेती र डायमण्ड मण्डललाई सून्य रनमा पेभिलिएनको बाटो देखाए । आयोजक निलोका लागि निर्भिक पाठकले २८ रन बनाउँदै रन आउट हुन पुगे। रणविर यादवले १६ रनको व्यक्तिगत योगदान दिंदा ओपनर रोनिम तिवारीले १५ रन बनाए। आर्मीका लागि जितेन्द्र मुखिया र शाहव आलमले समान २-२ विकेट लिए भने रोहित पौडेल र विवेक यादवले समान १-१ विकेट हात पारे। खेलमा नेपाल आर्मीका कुशल मल्ल म्यान अफ दि म्याच घोषित भए।

मंगलबार पहिलो खेल सुदुर पश्चिम र नेपाल पुलिस क्लव तथा दोश्रो खेल कोशी प्रदेश र नेपाल आर्मीका विच हुनेछ।

केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले सुदुर पश्चिम प्रदेशमाथि ८ विकेटले सानदार जित निकालेको छ । मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा सोमबार पोखरा रंगशाला क्रिकेट मैदानमा जारी प्रतियोगितामा सुदुर पश्चिमले दिएको ५८ रनको लक्ष्यलाई मधेशले २ विकेट गुमाउँदै ९२ बल बाँकी रहँदै जित निकालेको हो। टस जितेको सुदुर पश्चिमले १५।५ ओभर खेल्दै ५८ रनमा सबै विकेट गुमाउन पुग्यो। ओपनर अभिषेक पाल रुपेश सिंहको बलमा खाता नखोली पेभिलियन फर्किंदा गजेन्द्र बोहोरा पनि ४ रनमै आउट भए। कप्तान राजु रिजाल २ रनमा आउट भए। त्यस्तै खडक बोहोरा ९ बलको समना गर्दै एक रनमा पेभिलियन फर्किए। बसन्त कार्की ४ रन बनाए । किरण ठगुन्नाले १० रन जोडे । नरेश साउदले १८ रनको योगदान दिदाँ भोजराज भाट भने १० रन बनाए। मधेश प्रदेशका हरिशंकर साहले ४, रुपेश सिंहले तीन विकेट लिए भने अनिल साहले १ विकेट लिए । यता मधेश प्रदेशले २ विकेट गुमाउँदै लक्ष्य पुरा गर्न सफल भयो । मधेशले ६२ रन बनायो । तिन बल फेस गरेका हरिशंकर साहलाई गजेन्द्र बोहोराको बलमा शून्यमै आउट गरे पछि मधेश दवावमा परेको थियो । तर अनिल साहले जितको आधार तयार पारे। अनिलले ११ बल खेल्दै ३ चौका र २ छक्का हिर्काउँदै २५ रन बनाए । उनी पनि बोहोराकै बलमा आउट भए। इमरान शेख र पवन सरार्फले २७ रनको साझेदारी गरे। दुवै नटआउट रहे । हरिशंकर साह खेलमा प्लेयर अफ दि म्याच घोषित भए।

# १६ औं हिसान कास्की स्पोर्टस मिटको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा पोखरामा हुने १६ औं संस्करणको हिसान स्पोर्टस मिटको तयारी पुरा भएको छ।

शिक्षाको विकास सँगै विद्यार्थीहरुलाई अतिरिक्त कृयाकलापमा अघि बढाउने अनुरुपा आयोजना गरिएको स्पोर्टस मिटको सम्पूर्ण तयारी पुरा भएको हिसान कास्कीले जनाएको हो । स्पोर्टस मिट अन्तर्गत विद्यालय, कलेज र विश्वविद्यालयतर्फ गरी विभिन्न चार खेलका छुट्टा-छुट्टै प्रतिष्पर्धाहरु आयोजना हुनेछन् । हिसान स्पोर्टस मिट यहि मंसिर १४ गते देखि १७ गते सम्म पोखरा रंगशालामा सञ्चालन हुने हिसान कास्कीका निवर्तमान अध्यक्ष एवं स्पोर्टस मिटका संयोजक डा रामजी शर्माले जानकारी दिएका छन् । १६ औं सस्करणको हिसान स्पोर्टस मिटको उद्घाटन बास्केटबल कोर्टमा गर्ने गरि तयारी भएको संयोजक शर्माले जानकारी दिए।

हिसान कास्की स्पोर्टस मिट अन्तर्गत छात्र-छात्रा बास्केटबल, भलिबल, व्याडमिन्टन र टेबुल टेनिसका प्रतिष्पर्धा हुनेछन् । प्रतियोगितामा मावीतह छात्र भलिबलमा २९ र छात्रातर्फ २१ विद्यालयको सहभागिता हुने हिसान कास्कीका अध्यक्ष याम बहादुर रोक्काले जानकारी दिए।

त्यस्तै छात्र बास्केटबलमा सर्वाधिक ३७ विद्यालयको सहभागिता रहेको छ भने छात्रातर्फ १५ टिम भिड्नेछन्। टेवुल टेनिसतर्फ २८ विद्यालयका करिव ३ सय छात्र-छात्रा सिंगल्स र डवल्समा प्रतिस्पर्धा गर्नेछन भने व्याडमिन्टन छात्र-छात्रातर्फ २४ विद्यालयका ३ सय १२ प्रतिस्पर्धीहरुको सहभागिता रहेको आयोजकले जनाएको छ।

विश्वविद्यालयतर्फ बास्केटबलमा ९ वटा शैक्षिक संस्थाहरुले सहभागिता जनाएका छन् । हरेक वर्ष आयोजना हुँदै आएको प्रतियोगिताले यूवा खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने संयोजक शर्माले बताए। उनले भने- "यो प्रतियोगिताका लागि मात्रै आयोजना होइन । विद्यार्थीहरुलाई खेलकुद मार्फत उनीहरुको क्षमता अभिवृद्धि गर्नु हो भने दोश्रो तर्फ यूवा खेलाडी उत्पादन गर्नु हाम्रो प्रमुख उद्धेश्य हो।" उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीमा विद्यालय, कलेज र विश्वविद्यालय गरी आवद्धता रहेका ७२ मध्ये ६२ शिक्षण संस्थाले स्पोर्टस मिटमा सहभागिता जनाउने छन्।

प्रतियोगितामा ८ हजार भन्दा वढि विद्यार्थीहरुको सहभागिता हुने तथा २५ हजार भन्दा बढि विद्यार्थी अभिभावकले अवलोकन गर्ने प्रचार प्रसार उपासमितिका संयोजक डिल्लीराम अर्यालले जानकारी दिए। प्रतियोगिता सम्पन्न गर्न करिव २० लाख खर्च हुने तथा प्रतियोगितामा विजेता विद्यालयहरुलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। १५ औं संस्करणको हिसान स्पोर्टस मिटको उपाधि प्रतिभा माविले जितेको थियो।

## अल्जाईमर्सका विरामीलाई सहयोग गरौं

◆अल्जाईमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो।
◆वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ।
◆यो रोगको प्रारम्भमा विस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन।
◆रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सने लक्षण देखिन सक्छ।
◆यस्ता विरामीलाई सहयोग गरौं, एक्लै नछोडौ र चिकित्सकसँग परामर्श गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# संसदीय समितिलाई कामकाजी बनाऊ

संघीय संसद प्रतिनिधि सभा, राष्ट्रीय सभा होस वा प्रदेश सभालाई सरकारले विजनेस दिन सकेको छैन।प्रतिनिधि सभा, राष्टिय सभा र प्रदेश सभाको बैठक बोलाउने र रोक्ने अधिकार सरकारलाई छासदन कसरी चलाउने भनेर काम दिने सरकारले हो । सरकारले संघीय संसद होस या प्रदेश सभालाई व्यबस्थित रुपमा चलाउन सघाउनु भन्दा असहयोगी बन्ने गरेको तितो अनुभव सांसदहरुको छ । सरकारले सहयोगी भुमिका नखेलेको हुँदा संघीय संसद र प्रदेश सभाका समितिहरुले कार्यतालिका अनुसार  विधेयकको काम सक्ने गरी कार्यतालिका र योजना बनाउनु पर्छ।' लिइएका नीतिगत निर्णय वा स्थलगत प्रतिवेदनले देखाएका विषयलाई मन्त्रालय र सम्बन्धित ठाँउमा किन भएन भन्नेमा पनि त्यतिकै ध्यान पुऱ्याउनु पर्नेछ ।

प्रतिनिधि सभाका डसभामुख देवराज घिमिरेले संसदीय समितिका गतिविधि एवं क्रियाकलापलाई प्रभावकारी र परिणाममुखी बनाउन निर्देशन दिएका छन् । प्रतिनिधि सभा मातहतका १० विषयगत समितिका सभापतिसँगको बैठकमा उनले समिति बैठकमा देखिएको कोरम सम्बन्धी चुनौती र प्राप्त विधेयकको जिम्मेवारीलाई समयमै सम्बोधन गर्न सुझाव दिए । 'विधेयकको कामलाई प्राथमिकता दिनूस्, निर्देशन किन कार्यान्वयन भएन समीक्षा गर्नूस्, समितिको कार्यक्षेत्रमा देखिएको दोहोरोपन अन्त्य गर्नूस् ।' उनले समितिमा रहेका एक दर्जन विधेयकलाई संसद्को आगामी अधिवेशन सुरु हुनासाथ पेस गर्न सकिने गरी तयारी गर्नसमेत निर्देशन दिएका छन।जुन गर्नैपर्ने खालका छन ।

'आफ्नो कार्यक्षेत्र के हुन सक्छ पहिल्याऔं, देखिएका समस्या समाधान गर्न आपसमा समन्वय होस्, अन्योल र अप्ठ्यारो परेमा सभामुखसँग परामर्श गरौँ, विधेयकको काम सक्ने गरी कार्यतालिका र योजना बनाऔँ।' लिइएका नीतिगत निर्णय वा स्थलगत प्रतिवेदनले देखाएका विषयलाई मन्त्रालय र सम्बन्धित ठाँउमा किन भएन भन्नेमा पनि त्यतिकै ध्यान पुऱ्याउन उनले सुझाव दिए । संसदीय समिचिको निर्देशनप्रतिको गम्भीरताको अभावलाई पूर्णता दिन मुख्य, प्रमुख र सचेतकमार्फत सम्बन्धित दलको ध्यान जान जरुरी रहेको बताउँदै सभामुख घिमिरेले समितिका निर्देशन र प्रतिवेदन कार्यान्वयनका लागि आफ्नो पूर्णसाथ सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन ।

सभामुख घिमिरेले संसदीय दलका प्रमुख सचेतक र सचेतकमार्फत संसदीय समितिका बैठक यथाशीघ्र आह्वान गर्न र कोरम पुऱ्याएर अघि बढ्न निर्देशन दिएको राज्यव्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले जानकारी दिए । सदनलाई बलियो र मर्यादित बनाउन सकिएन भने जनतामा संसद्प्रतिको आस्था र निष्ठा कमजोर भई व्यवस्था र नेतृत्वप्रति नै आघात पुग्न सक्नेतर्फ समयमै ध्यान पुऱ्याउनु पर्नेतर्फ सभामुखले सबैको ध्यानाकर्षण गराएको विषय गम्भिरताका साथ लिनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटकीय गन्तव्यसँगै समृद्धिको आधार बन्दै रुपाताल

**वासुदेव पौडेल**
गण्डकी, ११ मंसिर/ रासस

सात तालको बगैँचा सहरका रुपमा चर्चा कमाएको कास्कीको लेखनाथमा अवस्थित रुपाताल विश्व रामसार सूचीमा सूचीकृत छ। साविक लेखनाथ नगरपालिका वडा नं १०, ११ र १४ का केही भागले छोएको यो ताल पर्यटकीय गन्तव्यसँगै यस आसपासका सर्वसाधारणको समृद्धिको महत्वपूर्ण आधार बन्दै गएको छ।

तालको संरक्षण र विकासका लागि रुपाताल संरक्षण एकीकृत विकास परियोजना मार्फत पूर्वाधार विकासका काम भइरहेका छन् । परियोजना लक्षित काम सम्पन्न भएसँगै तालको संरक्षण, पर्यटकीय विकास हुँदै स्थानीयवासीको जीवनस्तर बढ्ने विश्वास लिइएको छ।

चरणबद्ध अघि बढ्ने परियोजनाको लागत चार अर्ब ५२ करोड ८८ लाख रुपैयाँ रहेको परियोजनाका सूचना अधिकारी इन्जिनीयर कृष्णबहादुर विकले जानकारी दिनुभयो । उहाँका अनुसार परियोजनाअन्तर्गत जग्गा अधिग्रहणका लागि ९९५ रोपनी जग्गाको सूचना निकालिएकामा हालसम्म ७३७ रोपनी क्षेत्रको मुआब्जा वितरण गरिसकिएको छ। हालसम्म मुआब्जा वितरणका लागि ८७ करोड ७८ लाख रुपैयाँ वितरण गरिएको छ । मुआब्जा वितरणका साथै तालबेंसीको पुल निर्माण भइसकेको छ भने सडक निर्माण कार्य भइरहेको छ। त्यस्तै जलाधार क्षेत्रमा पर्ने तीनवटा सिल्ट्रेसन ड्याम निर्माण गरिसकेको उहाँले जानकारी दिनुभयो। लक्षित योजनाअनुसार काम सम्पन्न भई बाँध निर्माण भएपछि हाल रहेको पानी सतह छ सय २० मिटरबाट बढेर छ सय २४ मिटर हुने र तालको क्षेत्रफल हालको एक सय २२ हेक्टरबाट बढेर एक सय ८३ पुग्ने उहाँले जानकारी दिनुभयो।

परियोजनाअन्तर्गत हालसम्म भएका कामहरूमा वित्तीय प्रगति ४२ प्रतिशत र भौतिकतर्फ ४३ प्रतिशत काम सम्पन्न भइसकेको छ। विसं २०३२ को नापीमा एक सय ३६ हेक्टर क्षेत्रफलमा फैलिएको ताल अहिले एक सय सात हेक्टरमा खुम्चिएको छ । विसं २०६४ को केन्द्रीय नापी टोलीको तथ्याङ्कअनुसार रूपातालको आठ सय रोपनी क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै साविक लेखनाथ नगरपालिकाको पछिल्लो प्रतिवेदनमा रुपातालको कूल क्षेत्रफल १६३.९ हेक्टर रहेकोमा जलमग्न भाग १२१.७६ खेती भएको ३३.४३, सीमसार क्षेत्र ८.७५ हेक्टर र गहिराइ औषत ४.८ मिटर रहेको उल्लेख छ।

लक्षित योजनाअनुसारको परियोजना सम्पन्न भएसँगै त्यसले तालको संरक्षण र यससँग जोडिएका जैविक विविधता, जलमा आश्रित जीवजन्तुको संरक्षण आदिमा महत्वपूर्ण योगदान पुग्ने पर्यटन व्यवसायी दामोदरभक्त थापाले बताउनुभयो । "परियोजना सम्पन्न भएसँगै खुम्चिएको रुपाताल थप फराकिलो बन्दै यहाँ अन्य पर्यटकीय गतिविधि पनि बढ्नेछन्", उहाँले भन्नुभयो।

सूर्यको किरणसँगै पानीको रुपमा परिवर्तन आइरहने भएका कारण यसको नाम रुपाताल रहन गएको स्थानीयवासी बताउँछन् । तालको मुख्य स्रोत तालबेंसी खोलाबाट वर्षात्मा बगाएर ल्याउने माटो तथा काठपातका कारण बर्सेनि छ रोपनी ताल पुरिएको अध्ययनले देखाउँछ। अतिक्रमणमा पर्दै आएकोताललाई संरक्षण गर्न रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाका तर्फबाट सम्बन्धित निकायहरूमा निरन्तर ध्यान आकृष्ट गर्ने काम भइआएको संस्थाका अध्यक्ष शिवप्रसाद अधिकारीले बताउनुभयो । सहकारीले तालको संरक्षणसँगै मत्स्यपालन गरी आयआर्जन पनि गरिरहेको उहाँले बताउनुभयो।

रुपातालको अवलोकनका लागि पछिल्ला समयमा पर्यटकहरू आउने क्रमसँग आसपासका क्षेत्रमा होटेललगायतका पूर्वाधारहरू पनि विकास हुँदै गएको छ। रुपाताल प्राकृतिक सुन्दरताका दृष्टिले मात्र नभएर माछाका लागि पनि यतिखेर पर्यटकको आकर्षण बनेको छ। यहाँका माछाको स्वाद लिन पनि दैनिक सयौं पर्यटक रुपाताल पुग्ने गरेका छन् । विसं २०५८ मा सहकारी सञ्चालनमा आएसँगै यसका माध्यमबाट संरक्षण र उपयोगमा जोड दिइएको छ । हाल सहकारीमा एक हजार १५ जना आबद्ध भइसकेका छन्। सहकारीअन्तर्गत माछा मार्नका लागि १० जना, चौकीदार चार जना र बैंकिङ कारोबारतर्फ तीन जना कर्मचारी कार्यरत छन् । तालबाट दैनिक करिब एक लाख रुपैयाँको माछा निकालेर विक्री वितरण गर्दै आइएको कर्मचारी रामजी अधिकारीले जानकारी दिनुभयो।

**ताल किनाराका जङ्गलमा खुल्ला चिडियाखाना**

रुपातालको जलाधार क्षेत्र आसपासका जङ्गललाई समेटेर खुल्ला चिडियाखाना सञ्चालनमा आइसकेको छ । पचभैया प्राणी उद्यान केन्द्रका रुपमा सञ्चालित चिडियाखाना बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रुपमा साबिक लेखनाथ नगरपालिकाका वडा नं ११, १२, र १४ मा रहेका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर बनाइएको हो।

चिडियाखाना निर्माणका लागि स्थानीयवासीको चाहना र युनाइटेड क्लबको सहयोगमा यहाँको एक सय ३४ हेक्टर क्षेत्रफललाई समेटेर पूर्वाधार विकासका कार्यक्रम अघि बढाइएको थियो। चिडियाखानाको व्यवस्थापन लगायतका विषयमा केही समय युनाइटेड क्लब र स्थानीयवासीबीच विवाद भए पनि उक्त विवाद समाधान भइसकेको छ। युनाइटेड क्लबले प्रत्येक वर्ष गर्दै आएको पोखरा महोत्सवको आम्दानीको २० प्रतिशत रकम यही चिडियाखाना निर्माणकै लागि छुट्याउँदै आएको छ। चिडियाखानामा सर्वसाधारणलाई अवलोकनका लागि जालीको डोम निर्माण गरी जनावर र पक्षीहरू खुल्ला छाडिएको छ । चिडियाखानामा वन्यजन्तु प्रदर्शन, संरक्षण शिक्षालाई समावेश गरिनाका साथै भविष्यमा विश्वभरको हावापानीमा पाइने पक्षी तथा जनावर कक्ष बनाउने दीर्घकालीन लक्ष्यसमेत राखिएको पचभैया सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष एवम् पचभैया प्राणी उद्यान केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दीनानाथ ढकालले बताउनुभयो।

चिडियाखाना परिसर एवम् रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा तीन सय ६१ प्रजातिका वनस्पति, एक सय ७५ प्रजातिका जडीबुटी पाइन्छन् । त्यस्तै रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चराका साथै जङ्गल क्षेत्रमा बाघ, मृग, अजिङ्गरजस्ता जनावर पाइन्छ।

पोखराबाट जम्मा २५ किमी टाढा रहेको यस चिडियाखानालाई गण्डकी प्रदेशकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने सोच राखिएको छ । यसअघि २०३४/३५ सालतिर यस क्षेत्रमा जङ्गल ध्वस्त बन्दै गएको अवस्थालाई दृष्टिगत गरी स्थानीयवासीले तत्कालीन समयदेखि नै यसको संरक्षणको पहल थालेका थिए संरक्षण थालिएको झन्डै ४५ वर्षपछि खुल्ला चिडियाखानाका रुपमा केन्द्र सञ्चालनमा आएसँगै स्थानीयवासी हर्षित बनेका छन् ।

चिडियाखानामा हाल विभिन्न २१ प्रजातिका वन्यजन्तु तथा चराचुरुङ्गी राखिएको अध्यक्ष ढकालले जानकारी दिनुभयो । यहाँ आउने पर्यटकले यहाँबाट तल रुपातालको मनोरम दृश्यसँगै चिडियाखानामा चितुवा, नीलगाई, चित्तल, रतुवा मृग, चरी बाघ, अजिङ्गर, सेतो गिद्ध, हिमाली गिद्ध, कछुवा आदिको अवलोकन गर्न पाउँछन्।चिडियाखानासर्वसाधारणलाई अवलोकनका लागि खुल्ला गरिसकिएको छ । अवलोकनका लागि सर्वसाधारणलाई २५ रुपैयाँ र विद्यार्थीका लागि १५ रुपैयाँको टिकट व्यवस्था गरिएको छ । चिडियाखानाको डिभिजन वन कार्यालयबाट व्यवस्थापन हुँदै आएको छ । पछिल्लो समयमा रुपातालको माथि निर्माण गरिएको झोलुङ्गे पुल पनि यहाँको अर्को पर्यटकीय आकर्षण बन्दै गएको छ। पोखरा महानगरपालिका वडा नं ३१ पचभैयाको सिमलडाँडादेखि रुपा गाउँपालिका-७ भङ्गारा जोड्ने झोलुङ्गे पुल गण्डकी प्रदेश सरकारको सहयोगमा निर्माण भएको हो । विशेषतः बिदाको समयमा पोखरा र आसपासबाट युवायुवती पुलमा पुगी तालको अवलोकन गर्ने, फोटे खिच्ने गर्दछन्। तालमाथि निर्मित झोलुङ्गे पुल, चिडियाखाना र एकैसाथ अवलोकन गर्न सकिने रुपातालका कारण पछिल्ला समयमा पर्यटकीय गतिविधिहरू बढ्दै गएको बताउँदै ढकालले यसले यस क्षेत्रको समृद्धिमा विशिष्ट योगदान गर्ने अपेक्षा गरिएको बताउनुभयो। ताल, चिडियाखानासँगै यस आसपासका पचभैया देउराली, पचभैया कोट मङ्गलधर्म चक्र बौद्ध गुम्बा आदिले यहाँका अन्य पर्यटकीय आकर्षण हुन् ।

**रुपा तालमा मोती उत्पादन गरिने**

रुपा तालमा मोती उत्पादनको पनि सम्भावना देखिएको छ । यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेको थियो । सन् २०१७ देखि बेगनासमा मोती उत्पादनका सम्बन्धमा अनुसन्धान गरिँदै आइएकामा यहाँका तालमा यसको उत्पादनको पर्याप्त सम्भावनालाई पुष्टि गरेको केन्द्रका प्रमुख डा मोहम्मद इकवाल हुसेनले बताउनुभयो । यहाँका तालहरूध्ये रुपातालमा मोती उत्पादन गर्न सकिने धेरै सम्भावना रहेका कारण उक्त योजनालाई अघि बढाइने उहाँको भनाइ छ। मोती गरगहनाका साथै विभिन्न औषधिका लागि पनि प्रयोग हुन्छ।

सिपी माछा जस्तै पानीमा पाइने जीव रहेको र यसले मोती उत्पादन गर्ने उहाँले बताउनुभयो । नेपालमा बर्सेनि ठूलो सङ्ख्यामा मोती विदेशबाट आउने गरेको छ। एउटै मोतीको दुई हजार रुपैयाँसम्म पर्ने भएका कारण रुपातालमा मोती उत्पादन गरेर स्थानीयवासीको आयआर्जन बढाउन सकिने हुसेनले बताउनुभयो । "मोती उत्पादनलाई लक्षित गरी हामीले चाँडै नै रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारीका सदस्यलाई चार/पाँच दिनको तालिम दिने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "तालिमसँगै यहाँका स्थानीयवासी मोती उत्पादनबाट पनि आफ्नो आयआर्जनलाई अघि बढाउन सक्नेछन् ।"

# रजत जयन्तीका रूपमा मनाइँदै सडक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ११ मंसिर

पोखराको पर्यटकीय क्षेत्र लेकसाइडमा प्रत्येक वर्ष मनाउँदै आइएको सडक महोत्सवलाई यस वर्ष रजत जयन्तीका रूपमा मनाइने भएको छ।

अङ्ग्रेजी नयाँ वर्षमा मनाउँदै आइएको सडक महोत्सव २५ वर्ष पुगेसँगै यस वर्ष भव्य तयारीका साथ रजत जयन्तीका रूपमा मनाउन लागिएको हो । रेष्टुरेण्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराले नयाँ वर्षको स्वागतार्थ प्रत्येक वर्ष यस्तो महोत्सव सञ्चालन गर्दै आएको छ।

पोखराको पर्यटन प्रवर्द्धनका लागि गरिँदै आइएको सडक महोत्सवलाई रजत जयन्तीका रूपमा मनाउने तयारी भइरहेको आयोजक संस्था रेवान पोखराका कार्यवाहक अध्यक्ष विश्वराज पौडेलले जानकारी दिनुभयो। पोखरालाई आन्तरिक तथा बाह्य पर्यटकको 'अङ्ग्रेजी नयाँ वर्षको गन्तव्यस्थल'का रूपमा प्रवर्द्धन गर्ने उद्देश्यअनुरुप पोखराको लेकसाइड क्षेत्रमा पर्ने तीन किलोमिटर क्षेत्रफलमा सडक महोत्सव गर्न लागिएको हो। 'सडकमा खाउ, सडकमै रमाउ' भन्ने उद्देश्य लिएर सञ्चालन हुँदै आएको सडक महोत्सव रजत जयन्तीका अवसरमा यस वर्ष थप आकर्षण बनाइने जानकारी महोत्सव संयोजक तथा कार्यवाहक अध्यक्ष पौडेलले दिनुभयो। आउँदो पुस १२ देखि १६ गतेसम्म आयोजना गरिएको सडक महोत्सव स्वदेशी तथा विदेशी गरी पाँच लाख पर्यटकले प्रत्यक्ष अवलोकन गर्ने दाबी आयोजक संस्थाको छ। महोत्सवका मुख्य आकर्षण सांस्कृतिक कार्यक्रम, मौलिक वेशभूषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी गीत प्रतियोगिता, झाँकी प्रदर्शन, डुङ्गा दौड, भलिबल प्रतियोगिता, कन्सर्ट, पोखराको पर्यटन विकास, प्रवर्द्धन, अवसर तथा चुनौती विषयमा अन्तर्क्रियाका साथै पोखरा तथा स्थानीयरूपमा उत्पादन कृषि, हस्तकला एवं चित्रकलाको प्रदर्शनी गरिने जानकारी सो अवसरमा दिइएको थियो।


## श्री बन्दिपुर केवलकार एण्ड टुरिजम लि. को बन्दिपुर क्वीन टावर होटल संचालनको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०/०८/ १२)**

गण्डकी प्रदेश तनहुँ जिल्ला बन्दिपुर गाउँपालिका वडा नं. ०४ मा श्री बन्दिपुर केवलकार एण्ड टुरिजम लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री बन्दिपुर केवलकार एण्ड टुरिजम लि. बन्दिपुर गाउँपालिका वडा नं. ०४ |
| प्रस्तावको व्यहोरा | विवरण / स्विकृत / थप:<br>भवन: १ / ०<br>कोठा: ६६ / १४ (जम्मा ८०)<br>शैया: ९७ / १ (जम्मा ९८)<br>अन्य: भ्यू टावर, Sky Walk Mini, Conference hal |
| प्रभाव पर्न सक्ने जिल्ला/गाउँपालिका | तनहुँ जिल्ला, बन्दिपुर गाउँपालिका वडा नं. ०४ |
| जग्गाको कित्ता नं. | ०४, ०५, ४६३ |

| विवरण | स्विकृत | थप |
|---|---|---|
| भवन | १ | ० |
| कोठा | ६६ | १४ (जम्मा ८०) |
| शैया | ९७ | १ (जम्मा ९८) |
| अन्य | भ्यू टावर, Sky Walk Mini, Conference hal | |

उपरोक्त प्रस्तावको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक–आर्थिक तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. बन्दिपुर गाउँपालिका वडा नं. ०४, तनहुँको कार्यालय, फोन नं. (९७७) ०६५–५२०१२३
२. श्री पर्यटन विभागको कार्यालय, भृकुटीमण्डप, काठमाडौं, फोन नं. ९७७–१–५३४७०३७
३. श्री बन्दीपुर केवलकार एण्ड टुरिजम लि., बन्दिपुर गाउँपालिका वडा नं. ०४, फोन नं. ९८५१२३७७२५
४. श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि. नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ९८४६४०४११८

# बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउँदै 'ठूली दिदी'

**रासस**
बागलुङ, ११ मंसिर

भौगोलिक विकटताका कारण बागलुङका ग्रामीण क्षेत्रमा थुप्रै बालबालिका विद्यालय जानबाट वञ्चित छन् । कतिपय ठाउँमा त गरिबी र अशिक्षाका कारण विद्यालय जाँदैनन् । विद्यालय जाने पनि बीचमै पढाइ छोडेर बस्ने गर्छन् ।

विद्यालयभन्दा बाहिर रहेका यस्ता बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन काठेखोला गाउँपालिकाले भने 'ठूली दिदी कार्यक्रम' सञ्चालन गरेको छ । विवाइसी बागलुङसँगको सहकार्यमा सञ्चालन भएको 'ठूली दिदी कार्यक्रम' हाल पालिकाको २७ विद्यालयमा सञ्चालन भइरहेको छ । ठूली दिदी अर्थात् महिला स्वम्सेविका । स्थानीय महिलालाई पारिश्रमिक र तालिम दिई ठूली दिदीका रुपमा गाउँ-गाउँमा खटाइएको छ । उहाँहरुले विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने काम गर्छन् । गाउँपालिकाले समुदायमा रहेका कोही पनि बालबालिका शिक्षा लिनबाट वञ्चित नहोस् भन्ने उद्देश्यले 'ठूली दिदी कार्यक्रम' सञ्चालन गरेको हो । कक्षा १२ पास गरेका ठूली दिदी गाउँ-गाउँमा पुग्ने बालबालिका, परिवार र उनीहरुको अवस्था बुझ्ने काम गर्छन् भने विद्यालयमा बालबालिका के कारण पुग्न सकेका छैनन् भन्ने विषयमा अध्ययन गर्ने गर्छन् । बालबालिकालाई पढाइतर्फ आकर्षित गर्नका लागि विद्यालयसँग सहकार्यसमेत गर्ने गर्छन् । खास गरी प्राथमिक तहमा अध्ययन गर्ने बालबालिका विद्यालय जान नमान्ने, पढ्दा पढ्दै छोड्ने विद्यार्थीलाई परामर्श दिइ पढाइतर्फ अभिरुचि बढाउने काम ठूली दिदीहरुले गर्ने गर्छन् । विसं २०७८ मङ्सिर १४ देखि सुरु भएको 'ठूली दिदी कार्यक्रम' अहिले प्रभावकारी बन्दै गएको छ । यस वर्षदेखि गाउँपालिकाले सबै विद्यालयमा ठूली दिदी नियुक्त गरी खटाउने भएको छ । गाउँपालिकामा ५० वटा विद्यालय सञ्चालनमा छन् । 'ठूली दिदी कार्यक्रम' सञ्चालन भएपछि अहिले कुनै पनि बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर नभएको गाउँपालिकाको शिक्षा शाखा प्रमुख रमा उचैले जानकारी दिनुभयो । विद्यालय शिक्षामा हरेक बालबालिकाको पहुँच अपरिहार्य रहेको भन्दै रहेक वर्ष शिक्षा सुधारमा गाउँपालिकाले नयाँ-नयाँ काम गर्दै आएको उहाँले बताउनुभयो । "ठूली दिदीका रुपमा अहिले सत्ताइस विद्यालयमा स्वम्सेविका खटाएका छौं । यसका लागि विवाइसी बागलुङले सहयोग गरेको छ । यस वर्षदेखि सबै विद्यालयमा ठूली दिदी खटाउँछौं, उहाँहरुले विद्यालयसँग सहकार्य गरेर बालबालिकालाई विद्यालय आउने वातावरण सिर्जना गर्नुहुन्छ", प्रमुख उचैले भन्नुभयो, "बालबालिका किन विद्यालय आउन सकेका छैनन्, विद्यालयका कारणले हो वा पारिवारिक कारण त्यो बुझेर समस्या समाधान गर्ने र बालबालिकालाई पढ्ने वातावरण तयार गर्ने काम उहाँहरुले गर्नुहुन्छ । ठूली दिदीहरु समुदायमै बढी घुम्ने र बालबालिकाको अवस्था बुझ्नुहुन्छ ।" काठेखोला गाउँपालिकाका सामाजिक विकास समितिका अध्यक्ष एवं वडा नं १ का अध्यक्ष खडक थापाले 'ठूली दिदी कार्यक्रम'ले समुदाय र विद्यालयलाई जोड्ने पुलको काम गरेको बताउनुभयो ।

पहिले विद्यालय जान नमान्ने बालबालिका अहिले दैनिक आउने गरेको उहाँको भनाइ छ । 'ठूली दिदी कार्यक्रम' सञ्चालनमा आएपछि विद्यालय आउने बालबालिकाको सङ्ख्या पनि बढेको थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "शैक्षिक सुधारका कार्यक्रमसँगै गरिब, विपन्न बालबालिकालाई शिक्षाको पहुँचसँग जोड्न गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ, सोहीअनुरुप 'ठूली दिदी कार्यक्रम' पनि दुई वर्षदेखि कार्यान्वयन गर्दै आएका छौं, गाउँपालिकाले पनि शिक्षालाई मुख्य प्राथमिकतामा राखेर काम गर्दै आएको छ, शैक्षिक सुधार पनि हुँदै गएको हुँदा हामी पनि उत्साहित छौं, हरेक वर्ष नयाँ-नयाँ शैक्षिक योजना बनाएर कार्यान्वयन गर्दै आएका छौं ।" विवाइसी बागलुङद्वारा सञ्चालित सिकाइ परियोजना अन्तर्गत जिल्लाको काठेखोला गाउँपालिका र जैमिनी नगरपालिकाकामा कार्यरत सामुदायिक स्वयंसेवी ठूली दिदीहरुलाई तीन दिने पुनर्ताजगी तालिम प्रदान गरिएको छ । ठूली दिदी कार्यक्रम बागलुङको जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाका ६० विद्यालयमा सञ्चालन हुँदै आएको छ । जैमिनी नगरपालिकामा पनि यो कार्यक्रम प्रभावकारी बन्दै गएको पाइएको छ ।

# एक सय ५८ जनाले गरे मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ मंसिर

भानु नगरपालिकामा गरिएको निःशुल्क मोतियाबिन्दुको शल्यक्रियासहितको तीनदिने आँखा परीक्षण शिविरमा एक हजार १९ लाभान्वित भएका छन् ।

अधिकांश मानिसमा मोतियाबिन्दुका बिरामी बढ्न थालेपछि गाउँमा नै सहजरुपमा शल्यक्रियासहितको सेवा प्रवाह गर्ने उद्देश्यले शिविर गरिएको हो ।

आँखा परीक्षण गराएका एक हजार १९ मध्ये एक सय ५८ जनामा मोतियाबिन्दु निदान भएको नारायणगढ लायन्स क्लबका अध्यक्ष शान्तकुमार पियाले जानकारी दिनुभयो । उहाँका अनुसार आँखा परीक्षणका क्रममा मोतियाबिन्दु निदान भएका बिरामीको भानु नगरपालिका-२ नारेश्वरटारस्थित आधारभूत स्वास्थ्य केन्द्र सामुदायिक भवनमा शिविरमै निःशुल्क आँखाको शल्यक्रिया गरिएको हो । उहाँले भन्नुभयो, "यहाँ मोतियाबिन्दुका बिरामी बढी भएकाले सहजरुपमा गाउँघरमै सेवा प्रवाह गरिएको हो । बाइसजाँगर, चन्द्रावती, नारेश्वरटारलगायतका भानु नगरपालिकाभित्रका विभिन्न स्थानमा गरिएको मोतियाबिन्दु निदान भएका बिरामीको नारेश्वरटारमा शल्यक्रिया गरिएको छ ।" भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले यस्ता शिविर समय समयमा गरी आँखा नदेखिने समस्या समाधान गर्ने प्रयासमा रहेको बताउनुभयो । अधिकांशमा मोतियाबिन्दुको समस्या देखिएको पाइएकाले शिविरले महत्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "आँखाको समस्या समाधानका लागि उपचारमा सहज बनाउने लक्ष्य लिएका छौं ।"


## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०८/११ को चलानी नं. ३१७ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०२/०८०/०८१ | सहायक प्रशिक्षक | नि.मा.वि. कक्षा (९-१०) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

१, शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा आई.एस्सी.एजी. उत्तीर्ण गरेको हुनुपर्ने ।
२, छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
३, उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।
४, दरखास्त दस्तुरः रु १५००।- तिरेको सक्कल रसिद ।
५, दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८० मंसिर २५ गते कार्यालय समयभित्र ।
६, तलब स्केलः नेपाल सरकारको नियमानुसार ।
७, परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५**


# एचआइभी सङ्क्रमितको शल्यक्रियामार्फत शिशु

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ मंसिर

यहाँको धौलागिरि अस्पतालमा पहिलो पटक एचआइभी सङ्क्रमितले शल्यक्रियामार्फत शिशुलाई जन्मदिनुभएको छ ।

आइतबार २४ वर्षीय महिलाले शल्यक्रियामार्फत शिशुलाई जन्म दिनुभएको धौलागिरि अस्पतालले जनाएको छ । शिशुको तौल तीन हजार पाँच सय २५ ग्राम रहेको अस्पतालको भनाइ छ ।

शिशुका आमा बुबा दुबै एचआइभी सङ्क्रमित भइ एआरटी औषधि सेवन गरिरहनुभएको छ । यसअघि बागलुङका एचआइभी सङ्क्रमित गर्भवतीलाई पोखराको गण्डकी अस्पताल अथवा टेकु अस्पताल पठाउने गरिएको थियो । एआरटी सेन्टरका प्रमुख प्रदीप आचार्यले अस्पतालमा एचआइभी सङ्क्रमितको उपचार र परामर्श दिँदै आइएको बताउनुभयो ।

स्वास्थ्य परीक्षणका क्रममा गर्भमा रहेको शिशुको धड्कन बढी भएपछि शल्यक्रिया गरिएको धौलागिरि अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा विजय ओफाले जानकारी दिनुभयो । शल्यक्रियामार्फत जन्मिएको शिशुको स्वास्थ्य सामान्य रहेको र एचआइभी सङ्क्रमण नहोस् भनेर तुरुन्तै औषधि समेत चलाउन थालिएको ओफाको भनाइ छ । "सङ्क्रमित महिलाले नियमित एचआइभी सङ्क्रमितको औषधि खाँदै आउनुभएको थियो, औषधि सेवनले सङ्क्रमितको 'भाइरल लोड' कम हुन्छ", ओफाले भन्नुभयो "सङ्क्रमित महिलाले बच्चा जन्माउने प्रक्रिया त फरक भएन, तर चिकित्सक तथा स्वास्थ्यकर्मी केही सजग रहनुपर्ने हुन्छ ।" सङ्क्रमित आमाबाटसमेत स्वस्थ बच्चा जन्मिने भएकाले एचआइभी सर्ने सम्भावना अत्यन्तै न्यून रहेपनि उपचार र हेरचाह भने गर्न आवश्यक हुन्छ ।

जिल्लामा अझै दुई जना एचआइभी सङ्क्रमित गर्भवती रहेको एआरटी सेन्टरका प्रमुख आचार्यले बताउनुभयो । विशेषज्ञ सेवाबाट विशिष्टिकृत सेवा प्रदान गर्न थालेको धौलागिरि अस्पतालमा पछिल्लो समय ठूला उपकरण र प्रविधिसमेत भित्र्याइँदै आएको छ । धौलागिरि अस्पतालमा हालै मात्र रु १० करोडको सिटिस्क्यान उपकरण भित्र्याएर सेवा दिन थालिएको छ ।

# महायज्ञबाट सङ्कलित रकमबाट ऐतिहासिक जगन्नाथ मन्दिर पुनःनिर्माण

**रासस**
म्याग्दी, ११ मंसिर

म्याग्दीका बेनी नगरपालिका-५ पुलाचौरको गाजनेमा रहेको ऐतिहासिक जगन्नाथ मन्दिरको पुनः निर्माण गरिएको छ । पुनःनिर्मित सो मन्दिरको जगन्नाथ मन्दिर (धाम) गुठी सञ्चालन तथा व्यवस्थापन समितिद्वारा आइतबार आयोजित कार्यक्रममा शुभारम्भ समेत गरिएको छ ।

पन्ध्रौं शताब्दीमा निर्माण भएको जगन्नाथ मन्दिरलाई महायज्ञ आयोजना गरेर सङ्कलन भएको रकमबाट नयाँ स्वरुपमा पुनःनिर्माण गरिएको हो । नवनिर्मित मन्दिरमा भगवान् जगन्नाथ, बलभद्र तथा सुभद्रादेवीको नवीन अर्चाविग्रहहरुको विधिपूर्वक पूजा गरेर प्राणप्रतिष्ठासमेत गरिएको छ । विसं २०६९ मा मङ्सिरको ७ देखि १३ गतेसम्म लगाइएको सप्ताहव्यापी श्रीमद्भागवत् ज्ञान महायज्ञबाट सङ्कलित रकमले जगन्नाथ मन्दिरको पुनःनिर्माण गरिएको थियो । सप्ताहव्यापी सो महायज्ञबाट सङ्कलित रु एक करोड आठ लाखको रकममध्ये जगन्नाथ मन्दिरको पुनर्निर्माण गर्नका लागि कुल ४७ लाख ९१ हजार नौसय ७३ रुपैयाँ खर्च भएको गुठी व्यवस्थापन समितिका सचिव निलकण्ठ शर्माले जानकारी दिनुभयो ।

मन्दिर शिखर शैली एवं काठमाडौंको पाटन, त्रिपुरेश्वर र भारतको उडिसा राज्यमा अवस्थित कृष्ण तथा जगन्नाथ मन्दिरको आकार र शैलीमा निर्माण गरिएको छ । पुनर्निर्मित जगन्नाथ मन्दिरको उद्घाटन गर्दै गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले ऐतिहासिक जगन्नाथ मन्दिरको प्रचार प्रसार र प्रवर्द्धन गरेर धार्मिक पर्यटकीय गन्तव्य बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले गलेश्वर, पौलस्त्य पुलहाश्रम, जगन्नाथ, डढेकोट हुँदै टोड्केको स्वर्गाश्रम क्षेत्रलाई जोडेर एकीकृतरुपमा धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नुपर्ने बताउँदै जिल्लामा रहेका धार्मिक पर्यटकीयस्थलको पूर्वाधार निर्माणमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा तत्कालीन संविधानसभा सदस्य गोविन्द पौडेल, गण्डकी प्रदेशसभा सदस्य हरि र विमला गौचनले जगन्नाथ क्षेत्र पर्यटकीय दृष्टिकोणमा समेत सम्भावनायुक्त क्षेत्र रहेकाले यस क्षेत्रमा सडकको अवस्थालाई सुधार गर्दै पर्यटकीय पूर्वाधार निर्माणमा तीन तहकै सरकारबीचमा साझेदारी आवश्यक रहेकामा जोड दिनुभयो । कार्यक्रममा धर्मगुरु व्यासाचार्य किशोरकुमार गौतम, बेनी नगरपालिका-५ पुलाचौरका वडाध्यक्ष गोविन्द बानियाँ, आर्किटेक इन्जिनियर विनोद खड्का, गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मी, चन्दादाता गोपाल बानियाँ र जगन्नाथ मन्दिर पुनःनिर्माण समितिका अध्यक्ष यामबहादुर बानियाँले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

जगन्नाथधाममा पूजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ । तत्कालीन राजा दिलीपबम मल्लले विसं १५५० को दशकमा निर्माण गरेको यो मन्दिरको २०३९ सालमा पुनःनिर्माण गरिएको भए पनि तत्कालीन मन्दिर थप जीर्ण बन्दै गएपछि समुदायकै अग्रसरतामा महायज्ञ आयोजना गरेर पुनःनिर्माण गरिएको हो । मन्दिरको पुनःनिर्माण भएपछि अहिले यस क्षेत्रको भ्रमण तथा पूजापाठका लागि आउनेको सङ्ख्या बढेको छ ।


## धितो लिलामी हुने बारेको सुचना

**प्रकाशित मितिः-२०८०/०८/१२ गते मंगलबार**

तपशिलमा उल्लेखित शेयर सदस्यले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम कर्जा लिंदा गरी दिएको लिखत र कर्जा स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्नेमा नबुझाई साँवा, व्याज समेतका रकमहरु तिर्न बुझाउन पटक-पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेकोले मिति २०८०/०४/३१ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र सो समेत वास्ता नगरी कर्जा दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुँदा सहकारी ऐन २०७४ परिच्छेद १४ दफा ७९ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ दफा ३०, गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ र यस संस्थाको विनियम, ऋण नीति अनुसार यस संस्थालाई सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो सुरक्षण सम्पती लिलाम बिक्री गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गर्नुपर्ने भएकोले यो ३५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । तल उल्लेखित लिलामी हुने सम्पती योग्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म तथा व्याक्तिले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुले कबुल गरेको रकम सहितको गोप्य शिलबन्दीपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ को दफा ७९ उपदफा ६ र सहकारी नियमावली २०७५ को दफा ३५, बमोजिम धितो सुरक्षण सम्पती संस्था आफैले सकार गरी लिन सक्ने छ । धितो लेखी दिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गरी लिंदा मेरो/हाम्रो सम्पती कम मूल्यमा बिक्री भयो वा संस्थाले लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको धितो सम्पती लिलाम गर्दा समेत यस संस्थाले लिनुपर्ने रकम अशुल नभएको अवस्थामा सम्बन्धित ऋणी र जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट असुलउपर गरी लिने र ऋणी र जमानीकर्तालाई सहकारी ऐन २०७४ दफा ८० र प्रचलित कानुन बमोजिम कालो सूचीमा नाम समाबेस गर्ने प्रकृयामा पठाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लिलाम हुने कर्जाग्राही सदस्यलाई लिलाम हुने स्थान यसै संस्थाको कार्यालयमा उपस्थित हुन यसै सूचनाबाट सूचित गरिन्छ ।

| क्र. सं. | ऋणीको नाम थर | जमानीको बिवरण | संस्थाले २०८०/१०/१६ सम्म लिनुपर्ने साँवा, व्याज रकम | लिलाम हुने धितोको बिवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | ठेगाना | कित्ता नं. | क्षेत्रफल |
| १ | नामः मनकुमारी वि.क.<br>ना.प्र.नं. ४२३०४५/७७ जारी जिल्ला स्याङ्जा,<br>जारी मिति : २०६३/१०/२३<br>पतिको नामः मित्रलाल वि.क.<br>ससुराको नाम : जागेश्वर | नाम : मित्रलाल वि.क.<br>ना.प्र.नं. १७८६६ जारी जिल्ला स्याङ्जा जारी मिति २०५१/०१/३०, बाबुको नाम : जागेश्वर वि.क.<br>बाजेको नाम : बलिराम वि.क. | १९,९३,८११/- (उन्नाईस लाख तिरानब्बे हजार आठ सय एघार मात्र) | थुमपोखरा-२ स्याङ्जा | २९७५<br>३१७८ | ०-०-२-१<br>०-४-२-० |

**हिमाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
वालिङ न.पा.-१३, झलुङ्गेबजार, स्याङ्जा
दर्ता नं. ३५६/०७०/०७१
पान नं. ६०२१५४०५९
सम्पर्क नं.: ९८४६९१८६०२